# जापान प्रवेशको योजना गरिरहेका व्यक्तिहरूसँग सम्बन्धित प्रक्रियाहरू

## 1 बसोबास योग्यता प्रमाणपत्र जारी गरिएको व्यक्तिहरू वा बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनुभएका व्यक्तिहरू

**[1] बसोबास योग्यता प्रमाणपत्र जारी गरिएको व्यक्तिहरू**

सामान्यतया ३ महिना मान्य हुन्छ तर अपवादको रूपमा, निम्न अनुसार ब्यवस्था हुन्छ ।

○ २०२० जनवरी १ तारिखदेखि २०२१ जुलाई ३१ तारिखसम्म बनाइएको बसोबास योग्यता प्रमाणपत्र, २०२२ जनवरी ३१ तारिखसम्म मान्य हुनेछ ।

○ २०२१ अगस्त १ तारिखदेखि २०२२ जनवरी ३१ तारिखसम्म बनाइएको बसोबास योग्यता प्रमाणपत्र, बनाईएको दिनबाट ६ महिनासम्म मान्य हुनेछ ।

* बसोबास योग्यता प्रमाणपत्र जारी गरिने बेला अवतरणको लागि सर्तहरूको पर्याप्तता प्रमाणित गर्छ। त्यसको मान्य अवधिको अत्यधिक विस्तार गरिएको भए प्रवेश गर्ने बेलामा र बसोबास योग्यता प्रमाणपत्र जारी गर्ने बेलामा परिस्थितिको परिवर्तन हुने सम्भावना बढाउन सक्छ। त्यसकारण, माथि उल्लेख गरिएका हरेक अवधिको म्याद समाप्त भएपछि बसोबास योग्यता प्रमाणपत्रको मान्य अवधिलाई विस्तार गर्न मिल्दैन। यद्यपि, २०२२ जुलाई ३१ तारिखमा वा त्यसपछि, र जापान अध्यागमन सेवा एजेन्सीले तोकिएको मिति भन्दा अगाडी बनाइएको बसोबास योग्यता प्रमाणपत्रको आवेदनहरु, जसको अघिल्लो आवेदन बनाइने बेला देखि कुनै परिवर्तन भएका छैनन्, ती आवेदनहरूको लागि भने नियमित रूपमा आवेदकले पेश गरिएको (१) पहिले जारी गरिएको बसोबास योग्यता प्रमाणपत्र (मूल वा प्रतिलिपि) र (२) जापान भित्र्याउने निकायद्वारा आदि तयार गरिएको बयानपत्रले गर्दा एउटा नया द्रुत बसोबास योग्यता प्रमाणपत्र जारी गरिनेछ। विस्तृत जानकारीको लागि **यहाँ** हेर्नुहोस्।

**[2] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनुभएका व्यक्तिहरूको बारेमा**

हाल प्रक्रियामा रहेको आवेदनको सन्दर्भमा, गतिविधि सुरु गर्ने मिति परिवर्तन भएको खण्डमा, आधारभूत रुपमा जापान भित्र्याउने निकायद्वारा तयार गरिएको बयानपत्रलाई मात्र आधार मानी परीक्षण गरिनेछ।

## 2 बसोबास आवेदन दिएर जापान पुनः प्रवेश अनुमति लिई, जापान बाहिर जानुभएका व्यक्तिहरू

जापान पुन: प्रवेश अनुमति (यसमा विशेष जापान पुनः प्रवेश अनुमति पनि पर्छ।) लिई हाल जापान बाहिर भएको व्यक्तिले जापान बाहिर जानु अघि बसोबास योग्यता (भिसा) परिवर्तन अनुमति आवेदन, बसोबास अवधि नवीकरण अनुमति आवेदन वा स्थायी बसोबास अनुमति आवेदन दिएको र नोभल कोरोना भाइरस (कोभिड-१९) को प्रभावले गर्दा जापान पुनः प्रवेश गर्न नसकेको अवस्थामा, जापानमा भएका आफन्त वा जापान भित्र्याउने निकायको कर्मचारी आदिलाई प्रतिनिधिको रूपमा सम्बन्धित आवेदनको अनुमतिसँग सम्बन्धित रेसिडेन्स कार्ड लिन अनुमति दिइनुका साथै हाल जापान बाहिर भएको व्यक्तिले जापान पुनः प्रवेश अनुमतिद्वारा अवतरण आवेदन दिन सक्नुहुनेछ।

## 3 जापान पुनः प्रवेश अनुमति भई जापान बाहिर भएको बेला भिसाको बसोबास म्याद नाघेको व्यक्ति आदि

[1] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनु नपर्ने व्यक्तिहरू ("स्थायी बसोबासी" आदि)

हाल भएको देशमा भएको जापानको दूतावास आदिमा भिसाको लागि आवेदन दिनुहोस्।

※「स्थायी वासिन्दा」को बारेमा बिस्तृत बिवरणको लागि यहां हेर्नुहोस् ।

※「लामो अवधीको बासिन्दा (घोषणा गरेको बाहेक) 」तथा「बिशेष गतिबिधी (घोषणा गरेको बाहेक) 」का ब्यक्तिको बारेमा बिस्तृत बिवरणको लागि यहां हेर्नुहोस् ।

[2] बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिनु पर्ने व्यक्तिहरू (प्रवासी विद्यार्थी, प्राविधिक प्रशिक्षार्थी, इन्जिनियर, मानविकी विशेषज्ञ र अन्तर्राष्ट्रिय सेवा आदि)

विगतमा मध्यम तथा दीर्घकालीन बसोबासी (प्रवासी विद्यार्थी र प्राविधिक प्रशिक्षार्थी आदि) को रूपमा जापानमा बसोबास गरेको व्यक्ति, नोभल कोरोना भाइरस (कोभिड-१९) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमतिद्वारा जापान पुनः प्रवेश गर्न नसकी, भिसा म्याद नाघेको अवस्था आदिमा, फेरि बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिने व्यक्तिको सन्दर्भमा, सैद्धान्तिक तवरमा, आवेदन फाराम र जापान भित्र्याउने निकायद्वारा तयार गरिएको बयानपत्रलाई मात्र आधार मानी परीक्षण गरिनेछ। *विस्तृत जानकारीको लागि **यहाँ** हेर्नुहोस्।

[३]「उच्च स्तरिय पेशा २ नम्बर」अन्तर्गत बस्नुहुने ब्यक्ति

[२] अनुसार「उच्च स्तरिय पेशा **१ नम्बर**」भएर पहिलेको कृयाकलाप अनुसार सर्टिफ़िकेट अफ़ इलिजिबिलिटीको लागि निबेदन दिनुहोस् ।「उच्च स्तरिय पेशा १ नम्बर」को भिसा जारी गरिन्छ तर जापान प्रवेश गर्ने समयमा बिमानस्थलमा「उच्च स्तरिय पेशा २ नम्बर」को रुपमा जापान प्रवेश गर्ने प्रकृया गर्न सकिन्छ ।